प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश कार्यालय

बुटवल- १२, रुपन्देही

## सीप परीक्षण मुल्याङकनकर्ता (Skill Test Assessor) तालिम सञ्चालन सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति: २०८०/०२/१४**

लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) को आर्थिक सहयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् लुम्बिनी प्रदेश कार्यालयको सहकार्यमा बुटवलमा सञ्चालन हुने सीप परीक्षण मुल्याङकनकर्ता (Skill Test Assessor) तालिममा सहभागी हुन इच्छुक प्राविधिक तथा व्यावसायिक बिषयका तपशिलमा उल्लेख भए बमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले ७ दिन (२०८०/०२/२० गते) सम्म (उक्त दिन सार्वजनिक बिदा भए सो को भोलिपल्ट) कार्यालय समय भित्र आइपुग्ने गरी लुम्बिनी प्रदेश कार्यालयको **email:ctevtprovince5@gmail.com** मा आवेदन फाराम सहित आवश्यक कागजपत्रहरु पठाउनुहुन वा स्वयं उपस्थित भई बुझाउनु हुन सूचित गरिन्छ। आवेदन फाराम ***https://ctevtp5.org.np*** / बाट डाउनलोड गरी वा CTEVT लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीबाट प्राप्त गर्न सकिने छ।

**बिषयहरु - कृषि** (बाली बिज्ञान, पशु बिज्ञान), **इन्जिनियरिङ्ग** (अटोमोबाइल/मेकानिकल, निर्माण, कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स) **हस्पीटालिटी/टुरिजम** ( वेटर/वेट्रेस, कमि), **शिक्षा** (ECDF), **अन्य** (टेलरिङ, गार्मेण्ट फेब्रिकेटर, व्युटिसियन, केयर गिभर, टायल एण्ड मार्बल फिटर, बिल्डिंग पेन्टर)।

**सहभागी छनौटका लागि शर्त तथा मापदण्डहरु**

१. **तालीमका लागि आवश्यक न्युनतम योग्यता -** एस. एल. सी/एस. ई.ई. उत्तीर्ण एवं सम्बन्धित पेशा/व्यावसायमा तह २ को सीप परीक्षण प्रमाण पत्र प्राप्त गरको वा प्राविधिक प्रि-डिप्लोमा वा सो भन्दा माथीको योग्यता हासिल गरेको र सम्बन्धित पेशा/व्यावसायमा अनुभव प्राप्त गरेकोले आवेदन दिन सक्नेछन्।

२. **छनौटका आधारहरु -** शैक्षिक योग्यता/व्यावसायिक सीप परीक्षण, सम्बन्धित पेशाको कार्य अनुभव, लिङ्ग, लक्षित बर्ग (सम्बन्धित पेशामा आबद्ध महिलालाई बिशेष प्राथमिकता दिईनेछ), स्थानियता, **TITI** को प्रशिक्षण सम्बन्धि तालीम (ToT, O-ToT, IS)।

३. **फाराम साथ पेश गर्नुपर्ने कागजातहरु -** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि वा सीप परीक्षणका प्रमाणपत्रहरुको प्रतिलिपि, लुम्बिनी प्रदेश भन्दा बाहिर जिल्लाको नागरिकता भएमा लुम्बिनी प्रदेशको स्थानीय तहमा स्थाई रुपमा बसोबास गरेको सिफारिस पत्र।

४. **तालीम अवधि र समय-** मुल्याङकनकर्ता (Assessor) तालीमको अवधि ५ दिनको हुनेछ र समय बिहान ९:३० बजे देखि बेलुकी ५:०० बजे सम्म हुनेछ। तालिम अवधि भर पुरा समय सहभागी हुनुपर्नेछ। तालीम समाप्त भएपछि प्रमाणपत्र दिइनेछ।

५. तालीमका लागि छनौट भएका सहभागीलाई टेलिफोन मार्फत जानकारी गराइनेछ।

६. शर्त सहित र अपुर्ण आवेदन स्वीकार गरिने छैन।

७. तालिम सम्पन्न भएपछि तालिम अवधिको नियम अनुसारको निर्वाह भत्ता दिइने छ।

**थप जाकारीका लागि CTEVT लुम्बिनी प्रदेश कार्यालयको फोन नं. ०७१-४२२०७१ वा ०७१- ४२२०७३/ ०७१-४२२१११ मा सम्पर्क गर्नुहोला।**

*पुनश्च: इमेलमा आवेदन पठाइसकेपछि सुनिश्चितता गर्नुहुन अनुरोध छ।*

**निर्देशक**